# प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईको नेतृत्वमा गठन भएको वर्तमान मन्त्रिपरिषद्को ऊर्जा मन्त्रीको रुपमा कार्यभार सम्हालेको ६ महिना पुरा भएको छ । औपचारिक रुपमा यो आजको मेरो पत्रकार सम्मेलन ऊर्जा मन्त्रालयमा पहिलो हो । म यस पत्रकार सम्मेलनमा उपस्थित सम्पूर्ण पत्रकार साथीहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

नेपालको जलविद्युत विकासको इतिहास सय वर्ष पुराभयो भनिरहँदा र नेपालको जलविद्युत् विकासको सम्भावना ८३ हजार मेगावाट छ भनिरहँदा हाम्रो सामु विद्यमान यथार्थ भनेको आजको दिनमा ६५० मेगावाट मात्र जल विद्युत उत्पादन भइरहेको छ, भने प्रतिदिन १४ घण्टासम्म लोडसेडिङको अवस्था छ । ४० प्रतिशत नेपाली जनता विद्युत सेवाको पहुच बाहिर छन् । विद्यमान यस निराशापूर्ण अवस्थाबाट मुलुकलाई मुक्त गर्न ऊर्जा क्षेत्रमा नयाँ सोच र दृष्टिकोण सहितको आमुल परिवर्तनको आवश्यकता छ ।

मैले ऊर्जा मन्त्रालय प्रवेश गर्दा यस वर्षको सुख्खायाममा १८ घण्टा र अर्को वर्षको सुख्खायाममा २१ घण्टासम्म दैनिक लोडसेडिङ हुने प्रक्षेपण गरिएको अवस्था थियो । नेपाल विद्युत प्राधिकरणको सञ्चित नोक्सानी २७ अर्ब नाघेको थियो । नेपाल विद्युत प्राधिकरणमा नगद प्रवाह अभाव रहनाले समयमा बील भुक्तानि हुन नसकेको कारण कुलेखानी तथा चमेलिया जलविद्युत आयोजनाका ठेकेदारहरुले ठेक्का तोड्ने सूचना दिएको अवस्था थियो । ऊर्जा मन्त्रालयले प्रतिस्पर्धाको आधारमा विद्युत उत्पादनको अनुमतिपत्र प्रदान गरेका ६ वटा जलविद्युत आयोजनाहरु विभिन्न समस्याले निर्माणमा जान सकेका थिएनन् र निजी क्षेत्रबाट निर्माणाधीन आयोजनाहरु पनि विभिन्न समस्याले  गर्दा कार्य प्रगति राम्रो थिएन । नेपाल-भारत संयुक्त मन्त्रीस्तरीय जलस्रोत आयोगको पहिलो बैठक बस्न सकिरहेको थिएन । जलविद्युत आयोजना अनुमतिपत्र व्यवस्थापन कार्यविधि, २०६८ विद्युत ऐन, २०४९ सँग बाझिएको भनी सर्वोच्च अदालतमा मुद्दा परिरहेको थियो । नेपाल विद्युत प्राधिकरणको विद्युत महसुल दर १० वर्ष देखि समायोजन भएको थिएन । विद्युत महशुल निर्धारण आयोग विघटनको अवस्था रहेको थियो । मध्य मर्स्याङ्दीको ठेकेदारको माग दाबी रहेकोमा सो को समाधान भएको थिएन । विद्युत चुहावट २९ प्रतिशत भन्दा बढी रहेको अवस्था थियो । प्रशारण लाइन निर्माण कार्यमा वन मन्त्रालय र विभिन्न स्थानीय निकाय र व्यक्तिका वीच कानूनी एबम् ब्यबहारिक समस्याहरु थपिदै आएका थिए । थानकोट चापागाउँ प्रशारण लाइनको लागि जग्गा प्राप्ति गर्न विवाद रहेको यस्तै खिम्ति ढल्केवर प्रशारणलाइन आयोजनाको लागि कमलामाई नगरपालिकामा स्थानीय व्यक्तिवीच विवाद उत्पन्न भइरहेको थियो । यो मैले ऊर्जा मन्त्रीको हैसियतमा प्राप्त गरेको विरासतको अवस्था हो ।

जल विद्युत उत्पादन, प्रशारण र वितरण आयोजना निर्माणमा बिगतको बिरासतबाट अगाडि बढाएको व्यहोरा यहाँ अवगत गराउन चाहन्छु ।

- मैले यस मन्त्रालयमा बहाली गरेपछि पूर्व प्रक्षेपण गरेको लोडसेडिङलाई क्रमशः घटाउँदै आगामी केही वर्षभित्र लोडसेडिङ अन्त गर्ने १० बुंदे कार्ययोजना तय गरी कार्यान्वयनको क्रममा रहेको छ ।

- भारतबाट अल्पकालीन रुपमा १०० मेगावाट र मध्यकालीन रुपमा १४५ मेगावाट विद्युत आयात गर्न सकिने नेपाल भारतबीच विद्यमान प्रसारण लाइनको सुदृढीकरण तथा मर्मत सम्बन्धी कामको समेत पहिचान भएको छ ।

- यस वर्ष गत वर्षको तुलनामा कटैयाबाट प्रति दिन करिब ७ लाख युनिट थप विद्युत आयात गरिएको छ । आउँदो मार्चभित्र भारतको रामनगर र रक्सौलबाट ३० देखि ४० मेगावाट थप विद्युत आयात गर्न सकिने गरी काम अगाडि वढाइएको छ ।

- यसरी फागुन/चैत्र महिनामा १८ घण्टा लोडसेडिङको प्रक्षेपण गरिएकोमा नेपाल विद्युत प्राधिकरणले ९ घण्टामा लोडसेडिङ सीमित राखेको छ र बढीमा १४ घण्टा मात्र लोडसेडिङ भएको छ ।

- आगामी वर्ष लोडसेडिङलाई न्यूनिकरण गर्न अल्पकालीन रुपमा पहिचान भएको १०० मेगावाट र मध्यकालीन रुपमा पहिचान भएको १४५ मेगावाट विद्युत आयात गर्न आवश्यक कार्य अर्को वर्षको सुख्खायाम अगावै सम्पन्न गर्न कुटनीतिक पहलको थालनी गरिएको छ ।

- विगतको २९ प्रतिशत विद्युत चुहावटलाई विभिन्न प्रयासबाट २७ प्रतिशतमा झारिएको छ र यसलाई असारसम्म २५ प्रतिशतमा झार्ने लक्ष्य अनुसार काम भइरहेको छ । अत्यधिक चुहावट हुने फिडरमा थप लोडसेडिङ गर्ने कार्य प्रभावकारी हुन गई चुवाहटमा सुधार भएको छ ।

- नेपाल विद्युत प्राधिकरणको व्यवस्थापन सुधारका लागि आर्थिक पुनर्संरचना सम्बन्धी प्रतिवेदनमा उल्लेखित मूलभूत विषयहरुका आधारमा अर्थ मन्त्रालयको सहमति प्राप्त गरी पुनसँरचना सम्बन्धी कार्य अगाडि बढाइएको छ ।

- कुलेखानी तथा चमेलीया आयोजनाहरुमा नगद प्रवाहमा कमी आउन नदिन अर्थ मन्त्रालयसँग समन्वय गरिएको छ ।

- नेपाल विद्युत प्राधिकरणको सञ्चित दायित्व रु. २७ अर्वको घाटालाई अपलेखन गरिएको छ ।

- कुलेखानी तेस्रो ज.वि.आ.ठेकेदारद्वारा ठेक्का तोड्ने अबस्था रहेकोमा निजलाई आयोजनाको निर्माण कार्य सुचारु गर्ने वातावरण मिलाईएको छ ।

- मध्यमर्स्याङ्दी जलविद्युत आयोजनाको ठेकेदारसँग लामो समयदेखि बाँकी रहेको दाबी सम्बन्धी विवाद समाधान गरिएको छ ।

- बुढीगण्डकी जलविद्युत आयोजना विकास गर्न ६ वटा विदेशी फर्महरुलाई Request for Proposal वितरण गरिएको छ भने आगामी जेठ महिनाभित्र सम्झौता सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

- यस मन्त्रालयबाट प्रतिस्पर्धाको आधारमा अनुमतिपत्र प्रदान गरिएका ६ वटा जलविद्युत आयोजनाहरुको Posted Rate सम्बन्धी समस्या सम्बोधन भएको छ ।

- निजी क्षेत्रका निर्माणाधीन आयोजनाहरु तथा विद्युत खरीद बिक्री सम्झौता भएर पनि निर्माणमा जान नसकेका आयोजनाहरुलाई तोकिएको समयमा सम्पन्न गर्ने शर्त सहितको सुविधाको प्याकेज स्वीकृत गरी निर्माणकार्यलाई द्रुतता प्रदान गरिएको छ ।

- विगत १० वर्षदेखि विद्युत महसुल दर समायोजन हुन नसकेको तर PPA गर्दा बढी रकम तिर्नुपर्ने बाध्यात्मक व्यवस्था र ग्राहकलाई कम दरमा बेच्नुपर्ने कारणले नेपाल विद्युत प्राधिकरण आर्थिक रुपले कमजोर अवस्था भई विद्युत उत्पादन, प्रसारण र वितरण कार्यमा प्रतिकुल अवस्था परेको हुँदा विद्युत महसुल समायोजन गर्न अनिवार्य देखिएकोले सो सम्बन्धी कार्य गर्न विद्युत महशुल निर्धारण आयोगको पनुर्गठन गरी कार्यको थालनी गरिएको छ ।

- हालसम्म नेपाल र भारतबीच मन्त्रीस्तरीय जलस्रोत सम्बन्धी बैठक नभइरहेको अवस्थामा पहिलो पटक नेपाल-भारत संयुक्त मन्त्रिस्तरीय जलस्रोत आयोगको बैठक फेब्रुअरी १५, २०१२ मा भारतको नयाँ दिल्लीमा सम्पन्न भएको छ । यस मन्त्रीस्तरीय बैठकले नेपाल-भारतबीच जलस्रोतको समस्याहरुलाई पहिचान गर्ने कार्य भएको छ ।

- निजि क्षेत्रका जलविद्युत आयोजनाको विद्युत खरिद विक्री संझैता (PPA) मा भइरहेका समस्याहरुलाई टुङ्गयाउने तर्फ कार्य भइरहेको छ भने नेपाल विद्युत प्राधिकरणको सव्सिडियरी कंपनिहरुले निर्माण गर्ने रसुवागढी (१११ मे.वा.), मध्यभोटेकोशी (१०२ मे.वा.), सान्जेन (४२ मे.वा.) अपर सान्जेन (१५ मे.वा.) मध्ये माथिल्लो चाकु (२२ मे.वा.)को विद्युत उत्पादनको अनुमतिपत्र प्रदान गरिएको छ ।

- राष्ट्रिय गौरवको माथिल्लो तामाकोशी, पश्चिम सेती, बुढीगण्डकी जलविद्युत आयोजनाहरुको कार्यलाई निर्धारित समयमा सम्पन्न गर्न यस मन्त्रालयले अनुगमन कार्यलाई तदारुकताका साथ अगाडि बढाईएको छ ।

- काठमाडौं उपत्यकाभित्र सडक बिस्तारगर्दा बिच बाटोमा परेका ९५ वटा विद्युत पोल लाईनको निर्माण कार्य सम्पन्न गरीएको छ ।

- जलविद्युत आयोजनाका प्रबर्द्धकहरुसँग आयोजना विकास सम्झौता छिटो भन्दा छिटो गर्ने हेतुले आयोजना विकास सम्झौता PDA को दस्तावेज तयार पार्ने काम भइरहेको छ ।

- उच्च क्षमताका प्रसारण लाइनहरुको योजना तर्जुमा तथा निर्माणकार्य गर्नकालागि छुट्टै राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लि. स्थापना गर्ने कार्य अघि बढाईको छ ।

- नेपाल विद्युत प्राधिकरण र जलविद्युत लगानी तथा विकास कम्पनीको कार्यकारी प्रमुख नियुक्तिको लागि सार्वजनिक संस्थान निर्देशन बोर्डलाई अनुरोध गरिएको छ ।

- विद्युत विकास विभागको कार्य प्रभावकारी गराउन नदी वेसिनका आधारमा संगठनको संरचनागत परिवर्तन गर्ने कार्य अघि बढाइएको छ ।

- यस मन्त्रालयले मुलुकलाई आगामी दिनमा लोडसेडिङ मुक्त बनाउन ७५० मेगावाटको जलाशययुक्त पश्चिम सेती जलविद्युत आयोजना ८ वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी चाइना थ्रिगोर्जेज इन्टरनेशनल कर्पोरेशनसँग समझदारीपत्रमा हस्ताक्षर गरिएको छ । सार्वजनिक निजी साझेदारी मोडेलमा विकास गरिने यस आयोजनामा लगानी विबरण यस प्रकार रहेको छ :

| **कंपनिको नाम** | **सेयर लगानी प्रतिसत** |
|---|---|
| थ्रिगोर्जेज इन्टरनेशनल कर्पोरेशन | ७० |
| नेपाल विद्युत प्राधिकरण | २५ |
| स्थानिय जनता ( थ्रिगोर्जेज इन्टरनेशनल कर्पोरेशनतर्फ बाट ) | ५ |
| **जम्मा** | १०० |

धन्यवाद

ऊर्जा मन्त्रालय

सिंहदरबार

मिति २०६८ फाल्गुण २९ गते ।